# राष्ट्रिय न्यायिक प्रतिष्ठान

पदपूर्ति समिति

तारकेश्वर-१०, मनमैजु, काठमाडौं

# पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८१।०९।२६**

लोक सेवा आयोगवाट प्राप्त सहमति अनुसार यस प्रतिष्ठानमा रिक्त रहेका तपसिलमा उल्लेखित पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा तथा खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूले यस प्रतिष्ठानबाट निर्धारित फाराममा उल्लेखित विवरण स्पष्ट रूपले खुलाई नेपाली नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्रहरू र तालिम तथा अनुभवका पत्रहरूको प्रतिलिपि संलग्न गरी प्रतिष्ठानको कार्यालय मनमैजुमा दरखास्त दिनु हुन सूचित गरिन्छ ।

**१. कार्यक्षमता मूल्याङ्कन बढुवा तर्फः**

| विज्ञापन नम्बर | पद | श्रेणी | समूह | पद संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| ०१।२०८१।८२ | निर्देशक | अधिकृत प्रथम | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | १(एक) | राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्यकारी निर्देशक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा सुविधा सम्बन्धी) नियमावली, २०६९ को नियम २९ बमोजिमको सेवा अवधि र योग्यता पुरा गरेको |
| ०२।२०८१।८२ | उप निर्देशक (व्यवसाय विकास व्यवस्थापक) | अधिकृत द्वितीय | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | १(एक) | |

**२. खुला तथा समावेशी तर्फः**

| विज्ञापन नम्बर | पद | श्रेणी | समूह/उपसमूह | पद संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| ०३।२०८१।८२ | अनुसन्धान/ प्रशिक्षण व्यवस्थापन/ शाखा अधिकृत | अधिकृत तृतीय | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | खुला-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको |
| ०४।२०८१।८२ | | | | दलित-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको |
| ०५।२०८१।८२ | सहायक निर्देशक | अधिकृत तृतीय | विविध/ सूचना प्रविधि | महिला-१(एक) | सूचना प्रविधि विषयमा स्नातकोत्तर उर्तीण गरेको |
| ०६।२०८१।८२ | कार्यालय/ अनुसन्धान/प्रशिक्षण व्यवस्थापन सहायक | सहायक प्रथम | अनुसन्धान तथा प्रशिक्षण व्यवस्थापन | आ.ज.-१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको |

**विज्ञापन सम्वन्धी विशेष सूचनाः**

सम्मानीत सर्वोच्च अदालतवाट रिट नं ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोहीवमोजिम पदपूर्ति गरिनेछ।

१ **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

२ **परीक्षा सञ्चालनः** लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। सो कार्यक्रम लोक सेवा आयोग र राष्ट्रिय न्यायिक प्रतिष्ठानको वेवसाइटमा परीक्षा कार्यक्रम निर्धारण भएपछि प्रकाशित हुनेछ।

३ **परीक्षाको माध्यमः** पाठ्यक्रममा तोकिए बमोजिम (नेपाली वा अंग्रेजी वा दुवै)।

४ **दरखास्त दस्तुरः** अधिकृत प्रथम र द्वितीय श्रेणीको हकमा एक हजार दुई सय रूपैयाँ, अधिकृत तृतीय श्रेणीको हकमा एक हजार रूपैयाँ र सहायक प्रथमको हकमा चार सय रूपैयाँ हुनेछ। समावेशी समूहमा दरखास्त पेश गर्दा प्रत्येक थप समूहको लागि तोकिएको दस्तुरको आधा रकमको दरले जम्मा गर्नु पर्नेछ। परीक्षा दस्तुर ग्लोवल आइ.एम.ई. वैक लि.मा रहेको यस प्रतिष्ठानको नामको चल्ती खाता नं. ३०१०१०१०००००४५२ (कुनै पनि बैंकिङ्ग कार्यालय) मा जम्मा गरेको भौचरको सक्कलै प्रति दरखास्तका साथ पेश गर्नुपर्ने छ।

५ **दरखास्त दिने अन्तिम मितिः** खुला तथा समावेशीको हकमा यो सूचना प्रकाशन भएको मितिले २१(एक्काईस) दिनभित्र र दोब्बर दस्तुर तिरी थप ७(सात) दिनभित्र (शनिवार र आइतवार कार्यालय बन्द रहने) र कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको हकमा निर्धारित योग्यता पुगेका यस प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त फारामका साथ शैक्षिक योग्यता, तालिम लगायतका आवश्यक कागजातहरूको प्रतिलिपि आफैले प्रमाणित गरी दरखास्त फारम साथ संलग्न गरि पेश गर्नु पर्नेछ।दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट दरखास्त बुझाउन सकिनेछ।

६ **उमेरको हदः** अधिकृत तृतीय श्रेणीको हकमा दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० बर्ष उमेर ननाघेको र सहायक प्रथमको हकमा दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० बर्ष उमेर ननाघेको हुनु पर्नेछ।

७ रीत नपुगेको र म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारवाही गरिने छैन।

८ **दरखास्त फाराम र पाठ्यक्रमः** तोकिएका पदहरूका लागि आवश्यक पर्ने दरखास्त फाराम र पाठ्यक्रम प्रतिष्ठानको वेबसाइट www.njanepal.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

९ **समकक्षताः** विदेशी शैक्षिक संस्थामा अध्ययन गरी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपले दरखास्तसाथ पेस गर्नुपर्नेछ।

१० **तलव तथा अन्य सुविधाः** तलब र अन्य सुविधाहरू प्रतिष्ठानको नियमानुसार हुनेछ।

११ **परीक्षणकालः** नियुक्ति गरिएका कर्मचारीको परिक्षणकाल महिलाको हकमा ६ महिना र पुरूषको हकमा १ बर्षको हुनेछ।

१२ **समावेशीतर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरूः**

**आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/ जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्र।

**दलितको हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

**अपाङ्गताका भएका व्यक्तिको हकमाः-** समाज कल्याण परिषद् बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

१३ दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

१४ तोकिएका प्रक्रियाहरू पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ। यसरी रद्द हुन गएका दरखास्तहरूको परीक्षा दस्तुर फिर्ता हुने छैन।

१५ यस सूचनामा उल्लेख नभएको, उल्लेख भई फरक परेका तथा अन्य विषयहरू राष्ट्रिय न्यायिक प्रतिष्ठान (कार्यकारी निर्देशक तथा कर्मचारी नियुक्ति, पारिश्रमिक तथा सुविधा सम्बन्धी नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछन्)

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**राष्ट्रिय न्यायिक प्रतिष्ठान**